नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

सर्वोत्तम सिमेन्ट लिमिटेड (SARBTM) को साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/१२/०५ गते सोमबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सर्वोत्तम सिमेन्ट लिमिटेड (नेप्से सिम्बोल SARBTM) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ४,६५,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष ग्लोबल आइएमई क्यापिटल लिमिटेड (निष्काशन तथा बिक्री प्रबन्धक) तथा एनआइएमबि एस क्यापिटल लिमिटेड र प्रभु क्यापिटल लिमिटेड (सह निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, उद्योग प्रभावित स्थानीय बासिन्दाहरु, योग्य संस्थागत लगानीकर्ताहरु र कर्मचारीहरु समेत) मा वितरण गरिएको ६०,००,००० कित्ता (१२.९०३३%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ४,०५,००,००० कित्ता (८७.०९६७%) शेयर समेत गरी जम्मा ४,६५,००,००० कित्ता (१००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/१२/०४ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०८०/१२/०५ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र सर्वोत्तम सिमेन्ट लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, तिनकुने रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा एनआइएमबि क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

मिति : २०८०/१२/०५

फोन नं.: ०१-५३५०७५५/५६/५८